कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष २ अंक ९४ ने. सं. ११३३ बछलाथ्व द्वादशी बुधवाः २०७० जेठ ८ गते बुधवार (May-22, 2013) मुल्य : ५/– (न्यातका)

## दोस्रो संविधानसभा चुनावका लागि प्रमुख दलहरुको 'रिहलसल'

# स्ववियु निर्वाचन भएको 'खुलासा'

***कीर्तिपुर सन्देश***

संविधानसभाको दोस्रो निर्वाचनवाट निकास दिने कुरा भन्न नछाड्ने तर चुनावका लागी आवश्यक ऐन बनाउन सहमति गरि नसकेका प्रमुख राजनीतिक दल एकीकृत माओवादी, नेपाली कांग्रेस, एमाले र मधेसी मोर्चाले जेठ २३ गते सम्म पर्खने भएको छ।

वर्तमान खिलराज रेग्मीको नेतृत्वमा रहेको अन्तरिम चुनावी मन्त्रिपरिषद्ले तत्कालै चुनावको मिति घोषणा गर्न सक्ने अवस्था छैन। चार राजनीतिक शक्तिको सहमतिको आधारमा बनेको वर्तमान सरकारलाई चुनावको मिति घोषणा गर्नका लागी सबैभन्दा अप्ठयारो भइरहेको कारण ती चार राजनीतिक दल नै अहिलेको अवस्थामा एक मत छैन। विशेष गरि थ्रेसहोल्ड, समानुपातिक प्रतिनिधित्व १० प्रतिशत घटाइ प्रस्ताव गरेको विषयमा फरक/फरक मत आई सहमति हुन नसकिरहेको कारणले चुनावको मिति घोषणा गर्न ढिलाई भइरहेको कुरा स्पष्ट भइसकेको अवस्था छ।

त्यसैगरि चार राजनीतिक शक्ति वीचको सहमति, थ्रेस होल्ड, समानुपातिक प्रतिनिधित्व लगायत विषयलाई लिएर अन्य राजनीतिक दलहरुले आन्दोलन गरिरहेका कारणले पनि संविधानसभा निर्वाचनको मिति घोषणा हुन नसकिरहेको हो भन्दा केहि फरक नर्पला।

वर्तमान राजनीतिक परिस्थितिमा प्रमुख चार राजनीतिक शक्तिले आउदो संविधानसभा निर्वाचनको मिति घोषणा हुनुपर्ने माग गर्दै सडकमा भाषण गर्ने तर भीत्री रुपमा स्ववियु निर्वाचनलाई नै पर्खेर बसिरहेको समेत बताउनु भएको छ।

यसैवीच स्ववियु निर्वाचनका लागी एमाओवादी र एमाले निकट विद्यार्थी संगठनको तर्फवाट अन्तिम समयमा रातीसम्म पनि नयाँ भर्ना गरेको कारण विवाद पनि चर्कर्दै गएको अवस्था छ। त्रिभूवन विश्व विद्यालय लगायतका विभिन्न क्याम्पसमा नेकपा–माओवादी लगायतका दलहरुले सो मुद्दालाई लिएर तालाबन्दी गर्ने कार्यलाई समेत तिब्रता दिएको। याथास्थितिमा संविधानसभाको चुनाव हुन नदिने घोषणा गर्दै आएको मोहन बैद्यको नेतृत्वमा रहेको माओवादीका विद्यार्थीहरुले तालाबन्दी गर्नुको अर्थ स्ववियु निर्वाचन पनि गर्न नदिने ढंगबाट अघि बढेको भन्न सकिने अवस्था छ। स्ववियु निर्वाचन सम्पन्न भयो भने चार राजनीतिक शक्तिको आडमा वर्तमान सरकाले संविधानसभाको निर्वाचन समेत पेलेर भएपनि गर्न सकिने कुरालाई ध्यानमा राखी आन्दोलनरत दलका विद्यार्थीहरुले अवैध रुपमा विद्यार्थी भर्ना गरेको आरोप लगाउदै नयाँ ढंगवाट स्ववियु निर्वाचन प्रभाव पार्ने किसिमको अभियान संचालन गरेको अवस्था छ। अतः जे जस्तो भएतापनि संविधानसभाको चुनावको लागि स्वनियु निर्वाचन रिहलसलको रुपमा राजनीतिक दलहरुले लिन थालेको कुरामा कसैको दुइमत छैन होला।

### चुनावको सवालमा

***सन्दर्भ–समाचार टिप्पणी***

जेठ २३ गते हुन गइरहेको कलेजको स्वतन्त्र विद्यार्थी युनियनको चुनावलाई रिहलसलको रुपमा लिन थालेका छन्। एमाओवादीका एक नेताले कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै सो खुलासा गर्नु भएको हो।

त्यसैगरि एक राजनीतिक विश्लेषकले स्ववियु निर्वाचनको रिजल्ट जस्तो ढंगबाट आउछ त्यसैको आधारमा संविधानसभाको निर्वाचको पनि नतिजा आउने भएकोले आवश्यक रणनीति तयार गरि अघि बढ्ने सोचका साथ नेताहरु लागीपरेको टिप्पणी गरेका छन्। उहाँले अहिलेको अवस्थामा

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्रग्सको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ। सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

## आवश्यकता

यस दर्शन ऋण तथा सहकारी संस्था लि. बजार प्रतिनिधिहरूको आवश्यकता भएको हुँदा यथाशीघ्र आफ्नो व्यक्तिगत विवरण सहित आवेदन दिन आव्हान गरिन्छ।

**पद - बजार प्रतिनिधी**

***संख्या* - १०**

***तलब* -४५०० देखि १०,०००सम्म तथा अन्य सुविधा**

***योग्यता* - SLC पास, अनुभवी तथा महिला स्थानिय *तथा अनुभवीलाई विशेष ग्राह्यता***

**आवेदन दिने अन्तिम मिति-०६७/०२/३०**

सम्पर्क :

दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

नयाँबजार, कीर्तिपुर– ३, फोन नं. ०१४३३६७७६

Preparation & Language Classes
IELTS, TOEFL, SAT & ENGLISH
KOREAN, JAPANESE, HEBREW

**Special Classes:**
**Public Speaking Course Development, Grammar Focus**
**Academic Writing, Mock Test, Listening Practice [Audio & Visual]**

## LANGUAGE & IELTS CLASS

- **Level Test:** Students are given a Level Test before the class begins and are encouraged to take Tests at the end of each week of study. In fact, tests are an integral part of the course.
- **Materials:** All students are given a copy of the Natural Course Book and Self Study Book and CDs Listening practice
- **Outline:** The courses provide guidance and practice in all aspects of English learning [Speaking, listening, reading, writing plus grammar and vocabulary]
  - Class time is mostly devoted to Speaking and communication practice and Reading, Writing, Listening tasks are set as homework
  - The course focuses on the creative techniques required to succeed at IELTS & TOEFL, SAT
- **Self Study:** Students are given a self study booklet, course books, magazine, stories and related to IELTS at the beginning of their course and this lists the tests which are available
  After course Complete, there is Bonus classes or Revision classes with Exam Tips

## VALLEY INSTITUTE

Time: Morning, Day & Evening
**Ph: 01-4332509/9849421216**

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक/प्रबन्ध सम्पादक
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रबन्धक
निरजमान सिंह
व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखाशी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ ⎕२०६७⎕०६८

## सम्पादकीय

# कीर्तिपुरमा राजनीतिक शुन्यता

**प्रमुख राजनीतिक दल एमाओवादी, कांग्रेस, एमाले र मधेसी दलका नेताहरु संविधानसभाको अर्को निर्वाचनको विषयमा चर्को भाषण गर्दै हिडेका छन् । मानौं भोली नै चुनावको मिति घोषणा हुने अवस्था आएको जस्तै । त्यसै गरि यथास्थितिमा चुनाव गर्न नदिने घोषणा गर्दै आन्दोलनरत बैद्यको नेतृत्वमा रहेको नेकपा–माओवादी लागयत ३३ दलका नेताहरु पनि क्रियाशिल हुदै चुनाव हुनै नदिने घोषणा गर्दै आएका छन् । दुई पक्षका नेताहरुको कुरा संचारमाध्यममा हेर्दा र सुन्दा आखिर नेताहरु चुनावको सवालमा अत्यन्तै तिव्र गतिमा लागेको अनुमान गर्न सकिन्छ ।**

**नेपालको प्रत्येक राजनीतिक घटनाक्रममा अन्यन्तै ठूलो भूमिका निर्वाह गर्दै आएको कीर्तिपुरमा भने नेतादेखि कार्यकताहरु सम्मलाई समेत अहिले सम्म पनि चुनाव लागेको देखिदैन । बरु कीर्तिपुरका स्थानीय नेताहरु अहिलेको अवस्थामा विभिन्न समाजिक संघ संस्था र आ–आफ्नै व्यापार व्यवसायमा व्यस्त भएको पाइन्छ ।**

**यसको अर्थ राजनीतिक रुपमा अन्यन्तै सचेत भनिएका कीर्तिपुरवासीमा नै चुनावको विषयमा खासै चासो नदेखिएको अवस्था छ भने मुलुकभरी नै यस्तै अवस्था होला भनी सहज अनुमान गर्न सकिन्छ । चुनावको वातावरण बन्दै गएको भनी दावी गर्ने नेताहरुले कीर्तिपुरको अवस्था मात्र बुझ्ने पुग्छ । अत : प्रमुख दल जस्ले चुनावको पक्षमा भाषण गर्दै हिडेका छन् ती दलका नेताहरुले भने जस्तो चुनावको वातावरण तयार भइसकेको अवस्था छैन भने विपक्ष दलको रुपमा उभिएका ३३ दलले भने जस्तै चुनाव पुरै बहिस्कार बढ्ने अवस्था पनि नरहेको कुरा उदाहरणको रुपमा कीर्तिपुरलाई लिई नेताहरु अगाडी बढ्नुपर्ने अवस्था आएको छ भन्दा केहि फरक नपर्ला ।**

## गजल शौरभ शाक्यया

**शौरभ शाक्य**

गजल(१४

छ वबलय् हानं छकः लय् वल जिके
छं सतूबलय् स्वरे ! मतिनाया फय् वल जिके ।

यक्वः दिँ लिपा छ खंबलय् थथे ताल
मतिनाया स्वां अथें ह्वय वल जिके ।

वा छ व जि हानं छकः कुलिचिने यःकथं
[redacted] येवं मतिना गय् [redacted]

[redacted] गुबलें आः [redacted]
[redacted] खनाः निभाःथें [redacted]

[redacted] वहे गजल [redacted]
[redacted] हाले व गजल [redacted]

# नेपालमा सङ्घीय राज्य प्रणालीको सम्भावित स्वरूप र संरचना

**–श्याम श्रेष्ठ**

*(सङ्घीय राज्यको नयाँ संरचना पुस्तकबाट साभार)*

**नेपाल सङ्घीयतामा जानुपर्नाको कारण : गतांकको बाकि**

**यी जम्मै आँकडाहरूले के देखाएका छन् भने –**

● नेपालमा कुनै पनि भाषिक समुदायको एकलौटी निरपेक्ष बहुमत छैन । नेपाल भाषिक हिसाबले पनि अल्पसंङ्ख्यकहरूको देश हो । फलस्वरूप, नेपालमा सङ्घ र प्रदेश तहको सङ्घीय संरचनाको स्वरूप बहुभाषिक हुने देखिन्छ ।

● नेपालका पहाडी क्षेत्रमा जातीय जनसङ्ख्याभन्दा भाषिक जनसङ्ख्या निकै खुम्चिएको हुनाले पहाडमा भाषिक आधारमा प्रदेश बन्न सम्भव छैन, त्यहाँ जातीय सघनताका आधारमा प्रदेश बन्नु ज्यादा उपयुक्त हुनसक्छ । तर तराइमा थारुबाहुल्य ठाउँलाई छोडेर भाषिक बाहुल्यताका आधारमा प्रदेश बन्नु सम्भव छ ।

● नेपालमा राष्ट्रिय रूपमा १ प्रतिशतभन्दा ज्यादा जनताले बोल्ने एघार वटा भाषा राष्ट्र भाषा अर्थात् सरकारी कामकाजका भाषा हुनसक्छन्, अरू स्थानीय वा क्षेत्रीय स्तरका आधिकारिक भाषा हुनसक्छन् । एउटा प्रदेश वा जिल्लामा सालाखाला दुईदेखि चारवटासम्म भाषा सरकारी कामकाजका भाषा हुनसक्छन् ।

● देशको कुल पाँच भागमा चार भागभन्दा पनि ज्यादा गाविसमा कुनै न कुनै एउटा भाषाको स्पष्ट बहुमतको स्थिति भएको हुनाले गाविस तह वा नगरपालिका तहमा पुगेपछि कुन कुन भाषालाई आधिकारिक भाषा बनाउने भन्ने समस्या नै बाँकी रहँदैन, यसको निर्णय गर्ने अधिकार स्थानीय निकायलाई दिए पुग्छ ।

**नेपालको बहुधार्मिक संरचना**

नेपाल १० वटा धर्महरू भएको बहुधार्मिक मुलुक हो । धर्महरूमध्ये सबैभन्दा ज्यादा र अत्याधिक जनसङ्ख्याले अपनाएको धर्म हिन्दू हो तथापि हरेक जनगणनामा यसको सङ्ख्या जोडले घट्दै गएको छ । २०३८ सालको जनगणनामा हिन्दू धर्मावलम्बीको संङख्या ८९.५ प्रतिशत थियो, तर २०५८ सालको जनगणनामा पुग्दा त्यो घटेर ८०.५ प्रतिशत हुनपुगेको छ । नेपालको दोस्रो ठूलो धर्म बुद्ध धर्म हो, जो १०.७ प्रतिशतले मान्दछन् । त्यसपछि आउने धर्महरू इस्लाम (४.२ प्रतिशत), किरात (३.६) प्रतिशत, इसाइ (०.४५प्रतिशत) सिख (०.०३ प्रतिशत), जैन (०.०२ प्रतिशत हुन् । बाँकी अन्य ज्यादै साना तीन धर्म छन् ।

यी धर्ममध्ये सघन रूपमा बसोबास भएका धर्महरू जम्मा चार वटा रहेका छन् – ती हिन्दू, बौद्ध, इस्लाम र किरात हुन् । हिन्दूको देशभरि, बौद्धको मध्य नेपालमा, इस्लामको पश्चिम, मध्य र पूर्वी तराइमा र किरातको पूर्वी नेपालको उपल्लो छेउका जिल्लामा सघन बसोबास छ ।

नेपालको बहुधार्मिक स्थितिलाई नियाल्दा निक्लने निचोड के हो भने-

● नेपालमा राज्य धर्मको मामलामा तटस्थ वा निरपेक्ष बस्तुको कुनै विकल्प छैन ।

●अरू धर्मावलम्बीहरू जातीय र भाषिक आधारमा समेटिन्छन्, तर मुसलमान र चुरौटे धर्मलाई समेट्न धर्मको आधारमा पनि स्वायत्तता र स्वशासन दिने नीति अख्तियार गरिनु पर्छ ।

यी जम्मै कुरा नियालिसकेपछि अब हामी जाऔं - नेपालको लागि उपयुक्त हुने सङ्घीयताको स्वरूप र संरचना सम्वन्धमा ।

**नेपालको सङ्घीयताको स्वरूप र संरचना**

नेपालमा सङ्घीयताको स्वरूप कस्तो हुनुपर्छ ? यो प्रश्नको निरूपण गर्दा हामीले नेपालमा सङ्घीयता अपनाउन पर्नुको आधारभूत कारणलाई र देशको सामाजिक-सांस्कृतिक संरचनालाई मुख्य धुरीमा राख्नु पर्दछ । कतैको अन्धनक्कल गरेर सङ्घीयताको स्वरूप निर्धारण गर्नुभन्दा नेपालको जातीय, वर्गीय, भाषिक तथा सांस्कृतिक संरचना र नेपालले आजको समय र परिस्थितिमा सङ्घीयतामा जानपर्नुका मूलभूत कारणहरूलाई समाधान र सम्बोधन गर्ने गरी सङ्घीयताको स्वरूप निर्धारण गरियो भने त्यो हाम्रो आवश्यकतामुताविकको र देश सुहाउँदो सङ्घीय राज्य-प्रणाली हुन जान्छ ।

यस हिसाबले विश्लेषण गर्दा नेपालको सङ्घीय राज्य-प्रणालीको स्वरूपले यी तीनवटा आधारभूत कारणहरूलाई समाधान र सम्बोधन गर्ने दायित्व निर्वाह गरेको हुनुपर्छ –

● नेपालको सङ्घीयताको स्वरूपले नेपालको बहुजातीय /बहुभाषिक र बहुसांस्कृतिक चरित्रमुताबिक राज्यमा एक जात/जाति, एक भाषा, एक संस्कृति, एक वर्ग, एक लिङ्ग र क्षेत्रको एक छत्र आधिपत्यको स्थितिलाई अन्त्य गरेको हुनुपर्छ । त्यसको सट्टामा राज्यको हरेक संरचना र तहमा र विकासको हरेक अवसरमा सबै जात/जाति, भाषा, धर्म/संस्कृति, वर्ग, क्षेत्र र लिङ्गको न्यायोचित र समानुपातिक प्रतिनिधित्व, पहुँच र पहिचान सुनिश्चित हुने नयाँ समावेशी राज्य-प्रणाली अपनाउनुपर्छ ।

● नेपालको सङ्घीयताको स्वरूपले अति-केन्द्रीकृत र एकात्मक चरित्रको राज्य-प्रणालीलाई समाप्त पारेको हुनुपर्छ । त्यसका सट्टामा एकाईहरूको राजनीतिक, आर्थिक, सांस्कृतिक, जातीय / भाषिक स्वायत्तता सुनिश्चित भएको स्वशासनको प्रणाली अवबलम्बन गर्नुपर्छ ।

● नेपालको सङ्घीयताको स्वरूपले यो देश मेरो हो तर राज्य मेरो होइन भन्ने स्थितिको अन्त गरेको हुनुपर्छ । देशको सामाजिक - सांस्कृतिक र वर्गीय विविधतालाई हरेक हिसाबले समेटेर विविधतामा एकताको उपायद्वारा देशको राष्ट्रिय एकतालाई पहिलेभन्दा दरिलो बनाउने उपायहरू अपनाएको हुनुपर्छ ।

अब प्रश्न उठ्छ, केके विशेषतासहितको कस्तो सङ्घीय संरचना अपनाइयो भने नेपालको सङ्घीय राज्य-प्रणालीले माथि भनिएका समस्या हल गर्छ त ?

मेरो ठम्याइमा नेपालको सङ्घीयताका मूलभूत विशेषताहरू, सङ्घीय संरचना तथा यसको स्वरूप निम्नानुसार हुनुपर्छ –

**सामाजिक बहिष्करणको स्थिति अन्त गर्नका लागि**

राज्यको हरेक ढाँचा र तहमा अहिलेसम्म भइरहेको जनजाति, मधेसी, दलित, महिला, अल्पसंख्यक धर्म र पछाडि परेका वर्ग र क्षेत्रहरूको सामाजिक बहिष्करणको स्थितिलाई अन्त गरेर त्यसमा उनीहरूको प्रतिनिधित्व पहुँच र पहिचान सुनिश्चित पार्नका लाग निम्न उपायहरू अपनाउनु नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक मुलुकको लागि ज्यादा उपयुक्त हुनसक्छः

–नेपाललाई अब स्वायत्त र स्वशासित प्रदेशहरूमा आधारित सङ्घीय राज्यमा रूपान्तरित गर्नुपर्दछ ।

– नेपालको सङ्घीय राज्यको तीन तह हुनु सबैभन्दा उपयुक्त हुन्छ- सबैभन्दा माथि सङ्घ, बीचमा प्रदेश र सबैभन्दा मुनि गाविस/ नगरपाललिकाहरू आगामी पन्ध्र वर्षभित्र सबै गाविसलाई नगरपालिकामा रूपान्तरित गर्ने लक्ष्य र राखिनुपर्छ । राज्यको तह अहिलेजस्तो पाँचवटा बनाइनु हुँदैन । तह धेरै गर्दा प्रशासनिक जटिलता र खर्च दुवै ज्यादा हुने हुन्छ । सङ्घीय राज्य प्रणाली उसै पनि खर्चिलो व्यवस्था हो ।

– स्वायत्त प्रदेश निर्माण गर्ने मुख्य शर्त र आधार यी चारवटा हुनुपर्छ - १. जाति वा भाषाको सघन बसोबासको स्थिति २. भूगोल र भौगोलिक निकटता ३. प्रशासनिक अनुकूलता ४.प्राकृतिक र आर्थिक स्रोत साधनको उपलब्धता

पहाडी र हिमाली क्षेत्रको तथा तराईका थारुबाहुल्य क्षेत्रको प्रादेशिक विभाजनको एउटा मुख्य आधार जातिको सघन बसोबासको स्थिति हुनसक्छ भने तराईका अन्य सबै क्षेत्रको प्रादेशिक विभाजनको एउटा मुख्य आधार भाषाको बाहुल्यता हुनसक्छ । मुसलमान बाहुल्य क्षेत्रमा धर्म/ संस्कृतिको आधारमा पनि प्रादेशिक र जिल्ला विभाजन हुनसक्छ । सन्तुलित ढङ्गले यी चारवटा शर्त वा आधारलाई धुरीमा राखेर प्रदेशहरू निर्माण गरियो भने ती टिकाउ हुनसक्छन् भन्ने मलाई लाग्छ ।

-यी शर्त वा आधारलाई धुरी बनाएर प्रदेशहरूमो विभाजन गरिए नेपालमा बढीमा पन्ध्रवटासम्म स्वायत्त प्रदेशहरू हुनसक्छन् ।

- स्वायत्त प्रदेशभित्र एउटा जात/जाति भाषा वा धर्मको बाहुल्यता भए पनि गाविस वा धर्मको बाहुल्यताको स्थिति छ भने बहुसङ्ख्यकको क्षेत्रभित्रका अल्पसङ्ख्यकलाई त्यो तहमा उपस्वायत्तताको अधिकार हुनुपर्छ । यसलाई बहुसङ्ख्यकको स्वायत्त प्रदेश भित्र अल्पसंङ्ख्यको स्वायत्त क्षेत्र भनेर बुझिनुपर्छ । यसो गर्दा कोही कहिँबाट पनि लखेटिने स्थिति बन्दैन, सबै मिलेर बस्ने स्थिति निर्माण हुन्छ । क्षेत्री बाहुल्य प्रदेशमा गाविस वा नगरपालिका तहमा दलितको स्वायत्त क्षेत्र बन्न सक्छ अथवा गुरुङ बाहुल्य प्रदेशमा बाहुनको स्वायत्त क्षेत्र बन्नसक्छ । त्यस्तै नेवारबाहुल्य प्रदेशमा तामाङको । गाविस वा नगरपालिका तहमा कसैको बाहुल्यताको स्थिति नै छैन भने पनि अल्पसङ्ख्यकहरूको अधिकार सुरक्षित गर्ने विशेष व्यवस्था हुनु आवश्यक छ ।

# माईक्रो इन्जिनियरिङ्ग इन्टिच्यूटको उद्घाटन




शुभ सेवा सहकारी संचालन गर्दै आइरहेका पाँगाका युवाहरू मिलेरसम्भवतः कीर्तिपुर क्षेत्रमै पहिलो पटक सिटिईभिटि बाट मान्यता प्राप्त गरी नीजि क्षेत्रबाट प्राविधिक इन्स्टिच्यूट पाँगामा खोलिएको छ। गत बैशाख ४ गते त्रि.वि.का उपकुलपति प्रा.डा. हिरावहादुर महर्जनले पाँगामा खुलेको Micro Engineering Institute Pvt.Ltdको एक समारोहका वीच उद्घाटन गर्नु भयो। संस्थाका अध्यक्ष ई मथुरा डंगोलको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको संचालन उपाध्यक्ष ई.दुर्कमान महर्जनले गर्नु भएको थियो।

उक्त इन्स्टिच्यूतको प्रिन्सिपल अरुण डंगोलले स्वागत मन्तव्यको साथै उक्त संस्थाको परिचय दिनेक्रममा प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापना गरिएको उक्त संस्थामा Building Eletrician , Assistant Welder र Plunber को पढाई हुने जानकारी दिनु भयो। एस एल सी पास गर्न नसकेका वा आठ कक्षा पास गरी पढाई छाडी बसेकाहरूले यस इन्स्टिच्यूतमा अध्ययन गर्न सकिने छ। बैदिशिक रोजगारमा जान चाहने र आफ्नै वर्कशप खोलेर काम गर्न चाहनेहरूलाई लक्षित गरेर यो प्राविधिक शिक्षालय खोलेको स्पष्ट पार्नु भयो।

कीर्तिपुर इन्जिनियर समाजका अध्यक्ष गणेशवहादुर महर्जनले शुभकामना मन्तव्य दिनेक्रममा कीर्तिपुरमा प्राविधिक शिक्षालय खोल्ने विचार कीर्तिपुर इन्जिनियर समाजले स्थापनाकाल मा नै सोचेको थियो तर कार्यान्वयन गर्न नसकिरहेको अवस्थामा यस संस्थाको स्थापनाले कीर्तिपुर क्षेत्रका युवाहरूलाई रोजगार पाउन सजिलो हुने बताउने भयो। यस संस्थाको लागि हरतरहले सहयोग गर्न आफूहरू तयार रहेको बताउनु भयो। ई. पद्मलाल महर्जनले यस्तो प्राविधिक शीप पाएका मानिसहरू कहिले पनि बेरोजगार हुनु नपर्ने बताउनु भयो। हुनत पर पूर्वकालदेखि नै कीर्तिपुर क्षेत्र कारीगरहरूको बस्ती भनेर चिनिन्थ्यो। डकर्मीको लागि कीर्तिपुर, सिकर्मीको लागि पाँगा, ढुङ्गाको मूर्ति बनाउने कामको लागि चोभार, सिलाई सम्बन्धि कामको लागि नगाउँ प्रख्यात थियो। तर अहिलेका युवा पुस्ताले ती काममा ध्यान दिन छाडेको अवस्थामा यस इन्स्टिच्यूटले आधुनिक प्राविधिकहरू उत्पादन गर्न सक्ने बताउनु भयो। कीर्तिपुर नगरपालिकाका प्रतिनिधि सानुबाबु परियारले कीर्तिपुरमा प्राविधिक शिक्षालयको आवश्यकता महसुस गरी कीर्तिपुर पोलिटेक्निक इन्स्टिच्यूत खोल्न नगरपालिकाले वर्षेनी बजेट पनि छुट्याउँदै आए पनि चालु हुन नसकेको बताउनु भयो। प्रमुख अतिथि प्रा.डा.हिरावहादुर महर्जनले आजकल सैद्धान्तिक शिक्षाभन्दा प्राविधिक शिक्षाको आवश्यक भएको बताउनु भयो। प्राविधिक ज्ञान भएका मानिसहरू कहिल्यै बेरोजगार भएर बस्नु नपर्ने कुरालाई ध्यानमा राखी कीर्तिपुरमा पोलिटेक्निक इन्स्टिच्यूत खोल्न दर्ता समेत भइसकेको अवस्थामा चालु गर्न नसक्नु दुःखको कुरा हो। आगामी दिनमा स्नातक तहसम्म पढाई हुने प्राविधिक शिक्षालय खोल्नु पर्ने आवश्यकतामा जोड दिनु भयो। उक्त कार्यक्रममा समाजसेवी राजन के.सि ले पनि शुभकामना मन्तव्य दिनु भएको थियो। माईक्रो इन्जिनियरिंग इन्स्टिच्यूतका व्यवस्थापन समितिका सदस्यहरूमा अध्यक्ष ई.मथुरा महर्जन, उपाध्यक्ष ई दुर्कमान महर्जन, सदस्यहरूमा ई. बालकृष्ण श्रेष्ठ, डा. देवकाजी डंगोल, विजयकाजी डंगोल, ई.मोहन सिंह महर्जन, अरुण डंगोल, प्रकाशराम महर्जन, दिपक राज महर्जन र शुभ सेवा सहकारी रहेका छन। सल्लाहकारहरूमा ई पद्मलाल महर्जन, ई दिपेश विष्ट, ई गणेशवहादुर महर्जन, ई कृष्णभोला महर्जन रहेका छन। प्रशासन, शिक्षक र व्यवस्थापनमा अरुण डंगोल प्रिन्सिपल, ई. गोविन्द महर्जन, ई. भुवन महर्जन, ई शान्तराम महर्जन, ई उदयलाल महजन, प्रवन्धक प्रकाशराम महर्जन, लेखा अधिकृत मानिकलाल महर्जन रहेका छन। अहिलेको लागि उक्त इन्स्टिच्यूत विहान र बेलुका संचालन हुने जनाइएको छ। यस संस्थाबाट तालिम प्राप्त गरिसकेका प्रशिक्षार्थीहरूले विश्वको कुनै ठाउँमा गएर पनि काम गर्न सक्ने ई दुर्कमान महर्जनले जानकारी दिनुभयो। यस संस्थाबाट तालिम प्राप्त गरेका प्रशिक्षार्थीहरूले नीजिस्तरमा वर्कशप खोल्न आर्थिक अभाव भएमा शुभ सेवा सहकारीले आर्थिक सहयोग गर्न सक्ने अरुण डंगालले जानकारी दिनुभयो।

# पद्मकाष्ठपुर बचतमा नयाँ नेतृत्व

गत जेठ ४ गते हिलटाउन स्कुलको प्रांगणमा भएको पद्मकाष्ठपुर बचत तथा ऋण सहकारी लि.को पाचौं साधारण सभा सम्पन्न भयो। उक्त साधारण सभाले नयाँ कार्य समितिको चयन गरेको छ। जसअनुसार अध्यक्ष-राजकुमार माली, उपाध्यक्ष विष्णु महर्जन, सचिव बाल कृष्ण मानन्धर, कोषाध्यक्ष ज्ञान सुन्दर महर्जन, सदस्यहरूमा त्राय मान महर्जन, बाबुराजा महर्जन, देव रत्न महर्जन, पान भाइ पोडे, हरिवहादुर महर्जन। त्यस्तै राजेन्द्र महर्जनको संयोजकत्वमा सदस्यहरूमा लक्ष्मी कुमार महर्जन र बंशलाल महर्जन रहेको लेखा समिति पनि निर्वाचित गरेको छ।

# सम्यक दृष्टि पुस्तक विमोचन



नेपाल परम्परागत बौद्ध धर्म संघ शाखा कीर्तिपुरको आयोजनामा गत वैशाख ४ गते शनिवार जगतपाल महाविहार चिलंच्व कीर्तिपुरमा यस संस्थाका अध्यक्ष डा.कवीन्द्र वज्राचार्यद्वारा लिखित सम्यक दृष्टि पुस्तक चक्रेश्वर आःजु धर्मराज वज्राचार्यबाट विमोचित भयो। उपप्रा. वज्रमुनि वज्राचार्यको सभापतीत्वमा भएको उक्त कार्यक्रममा नेपाल परम्परागत बौद्ध धर्म संघ केन्द्रीय कार्यालय ललितपुरबाट उपाध्यक्ष शंखरत्न वज्राचार्य, भक्तपुर शाखाबाट अध्यक्ष पुष्परत्न शाक्य, त्रिरत्न कीर्ति विहार बाट जुलुम शाक्य, नगांबाट बाबुराम महर्जन, सतुंगलबाट संघरत्न महर्जन, जगतपाल महाविहारका अध्यक्ष बाबुकाजी वज्राचार्यको पनि उपस्थिति थियो। पुष्परत्न वज्राचार्यबाट संचालन गरिएको कार्यक्रममा नेपाली वज्रयान विहारका सदस्य संघरत्न वज्राचार्यले लुम्बिनीमा निर्माणाधीन अवस्थामा रहेको वज्रयान विहारको हालसम्मको विवरण पेश गर्नु भएको थियो भने लेखक डा. कवीन्द्र वज्राचार्यबाट पुस्तकको संक्षिप्त जानकारी दिनु भयो। स्वागत भाषण किरण कुमार वज्राचार्यले गर्नु भएको कार्यक्रममा आयोजकबाट जेष्ठ ११ गते बुद्ध जयन्तीको दिन चिलंच्व विहारमा विहानदेखि हुन लागेको कार्यक्रममा सहभागी हुन लागि कीर्तिपुरबासीलाई अपील पनि गरिएको छ।




# हार्दिक बधाई

यस पाँगा सेकेण्डरी बोर्डिङ्ग स्कुलका संस्थापक प्रिन्सिपल श्री **रमेश मान महर्जन**ज्यू ६१ औं वसन्त पार गरी मिति २०७० जेष्ठ १३ गते ६२ औं जन्म दिवसको उपलक्षमा उहाँलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

**व्यवस्थापन समिति**

**शिक्षक, कर्मचारी तथा**

**सम्पूर्ण पाँगा मा.वि., परिवार**


# प्रतिभा साहित्यीक परिवारमा नयाँ नेतृत्व



कवि राजभाइ जकःमिको अध्यक्षतामा २०४२ सालमा स्थापित प्रतिभा साहित्यीक परिवार विभिन्न आरोह अवरोह पार गर्दै वि.सं.२०६० सालसम्म सक्रिय रहँदै आएको थियो।

त्यसपछि बन्द प्राय भइसकेको संस्थालाई कीर्तिपुरका साहित्य प्रेमी युवाहरूले कीर्तिपुर क्षेत्रमा नेपालभाषा साहित्य विकासको लागि अर्को संस्था गठन गर्नुको सट्टा पुरानै संस्थालाई पुनर्गठन गरि एको छ। गत जेठ ४ गते कीर्तिपुर मा.वि.को हलमा एक भेलाको आयोजना गरी ज्ञानवहादुर महर्जनको अध्यक्षतामा एउटा कार्यकारिणी समिति गठन गरियो। जस्मा अध्यक्ष ज्ञानवहादुर महर्जन नेवाः, उपाध्यक्ष मीन कौशिक, सचवि श्रीकृष्ण तन्डुकार, सहसचिव सागर ज्यापु, कोषाध्यक्ष जितेन्द्र महर्जन, सहसचिव रश्मी नापित सदस्यहरूमा र ामशरण महर्जन, विकास महर्जन र अर्जुन नेपाःमी रहेका छन। उक्त भेलाले आगामी जेठ ११ गते शनिवारछोटा विधाका विभिन्न भाषाका साहित्यीक रचना प्रस्तुत गर्ने भएको छ।

साहित्य — कविता

## जो छ नेता शक्तिशाली उही नेता महान नेता



राम महर्जन
की.न.पा. १६ नगाउँ

तेरो बाउ मेरो बाउ माछा मार्न गयो
टाउको जति एनेकपा माउवादीलाई
पुच्छर जति एमाले, कांग्रेसलाई
मध्य भाग जति लोकमानलाई ॥१॥
चाहे दात्रृनिकायले विरोध गरोस्
चाहे मानव अधिकारवादीले विरोध गरोस्
चाहे विद्यार्थी वर्गले विरोध गरोस्
शक्तिको सामु कस्को के लाग्छ ॥२॥
जो छ नेता शक्तिशाली नेता
उही नेता महान नेता
दश वर्ष लडाई त्यसै हो र ?
हिक्मत र बहादुरीले चलेको हो ॥३॥
शुरुमा लुसुक्क हस्ताक्षर
पिछलग्गु भएर समर्थन गर्ने
पछिबाट आएर विरोध गर्ने
यो त लोक पत्याउने दाऊ मात्र हो ॥४॥
हवस हजुर सरकार छँदैछ
इशारामा प्रशासन चल्दैगर्छ
कामरेड अनुकुल नभएसम्म
चुनाव पर सरेर के भो र ? ॥५॥

# प्रतियोगिताको फाइनल आउँदो शनिवार



नवीन महर्जन

गत बैशाख २८ गते शनिवारदखि जनसेवा उच्च मा. वि.को खेल मैदानमा नव क्षितिज युवा क्लब पाँगाको अयोजनामा सञ्चालन भएको दक्षिण भेगीय अन्तरविद्यादय नकआउट फुटवल प्रतियोगिता-२०७०मा करीव ३ दर्जन टिमको सहभागिता रहेको थियो । उक्त सहभागी टिमलाई दुई समूहमा विभाजन गरिएको थियो। यस प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै पुष्पसदन र कीर्ति मा.वि सेमिफाइनल खेल आज हुने भएको छ भने अर्को सेमिफाइनल खेल राराहिल र आदिनाथ मा.वि. र बाघ भैरव मा.वि. (गोदाम) विचको सेमिफाइनल हुने भएको छ भने फाइनल खेल शनिवार हुने कार्यक्रम रहेको छ।

प्रतियोगिताको उद्घाटन खेल आदिनाथ र अनर स्कुल विच भएको थियो । उक्त खेलमा आदिनाथ ४-० गोल अन्तरले विजयी भएको थियो । त्यसैगरी दोस्रो दिनको खेलमा शुभकामनाले क्रिएटिभ एकेडेमी लाई २-८, दोस्रो खेलमा बाघभैरवले वैष्णवीलाई ट्राइब्रेकरमा ४-१ ले विजय हासिल गरेको थियो । त्यसैगरी गत ३० गते सम्पन्न खेलमा राराहिलले साल्भानियालाई ३-१ गोल अन्तर ले त्यसैगरी सोही दिन सम्पन्न दोस्रो खेलमा ग्रीन भिलेज ए. फाउण्डेसनले जनसेवालाई २-० गोलले पराजित गरेको थियो । गत बैशाख ३१ गते सम्पन्न खेलमा बाघ भैरवले कीर्तिपुर इङ्गलिस स्कुललाई टाईब्रेकरमा ६-५ गोलले र पुष्पसदनले पाँगा मा.वि.लाई ३-० गोलले हराएको थियो । गत जेठ १ गते सम्पन्न खेलमा लेबोरेटरीले ग्रीन भिलेजलाई २-१ गोलले पराजित गरेको थियो भने दोस्रो खेलमा बाघ भैरव मा.वि.ले जनसेवा क लाई १-० ले पराजित गरेको थियो । त्यसैगरी २ गतेको खेलमा कीर्ति र राराहिल विजय भएको थियो । यस खेलमा कीर्तिले शुभकामनालाई २-० गोलले र राराहिल स्कूलले हिमालयन एकेडेमीलाई ५-१ गोलले पराजित गरेको थियो । यस प्रतियोगिताको क्वाटरफाइनल गत शनिवार आदिनाथ मा.वि. र बाघभैरव मा.वि.(गोदाम) विच भएको थियो । त्यसैगरी दोस्रो क्वाटर फाइनल खेल बाघभैरव बोर्डिङ्ग र कीर्ति विच भएको थियो । त्यसैगरी अर्को क्वाटर फाइनल खेल गत आइतवार राराहिल र लेबोरेटरी विच तथा पुष्पसदन र ग्रीन भिलेज ए.फा. विच भएको थियो जस्मा राराहिलले लेबोरेटर ीलाई १-० गोलले र पुष्पसदनले ग्रीन भिलेजलाई २-० गोलले पर ाजित गरेको थियो ।

# गोर्खा कप फुटवल प्रतियोगिता-२०७० विहिवारदेखि

अखिल नेपाल फुटवल संघको आयोजनामा हुने गोर्खा कप फुटवल-२०७० भोलि विहिवार देखि सञ्चालन हुने भएको छ । यो प्रतियोगिता भोलि जेठ ९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने कार्यक्रम रहेको छ। कूल १६ टिमले सहभागिता जनाइएको यस प्रतियोगितामा सहभागी टिमलाई चार समूहमा विभाजन गरीएको छ। जस अन्तर्गत समूह ‘क’मा पुलिस क्लब, मच्छिन्द्र, सरस्वति र झापाको मुनाल क्लब, समूह ‘ख’मा थ्रीस्टार क्लब, एपीएफ, आरसीटी र देशभक्त युवा क्लब, समूह ‘ग’मा मनाङ मर्स्याङदी, आर्मी, संकटा र टुसाल युवा क्लब र समूह ‘घ’मा हिमालयन शेर्पा, जावलाखेल, फ्रेन्डसक्लब र ब्वाइज युनियन क्लब रहेका छन। प्रत्येक समूहको विजेता र उपविजेता टिम क्वार्टर फाइनलमा प्रवेश हुने व्यवस्था गरेको छ । यस प्रतियोगिताको भोलिको उद्घाटन खेल नेपाल पुलिस क्लब र मुनाल क्लब झापा विच हुने कार्यक्रम र हेको छ। यो प्रतियोगिता दशरथ रंगशालामा सञ्चालन हुने भएको छ। स्मरणरहोस् यस अघि ब्रिटिस गोर्खा कप नामबाट सञ्चालित यो प्रतियोगिता यो संस्करणदेखि गोर्खाकप भएको हो।

**नेपालभाषा बोल्न जान्ने पाठकहरूलाई नेपालभाषा लेख्न अप्ठ्यारो मानिरहेकोले व्याकरण सम्बन्धि ज्ञान हासिल गर्न चाहेकोले डा. तुयुवहादुर महर्जनद्वारा लिखित स्वाध्यायन नेपालभाषा पुस्तकबाट साभार गरी यहाँ प्रस्तुत गरिएको छ - संपादक**

## ५. क्रिया

**नेपालभाषामा छ प्रकारका क्रियाहरू छन**

### ५.४ आफू र अरू

जिं- मैले, जिमिसं- हामीले, छं - तिमीले, छिमिसं - तिमीहरूले, वं-उसले, इमिसं - उनीहरूले

नये– खान्छु, खान्छौं । नइ – खान्छौं, खान्छ, खान्छन् ।
नया – खाएँ, खायौं । नल – खायौं, खायो, खाए ।
याये – गर्छु, गर्छौं । याइ– गर्छौं, गर्छ, गर्छन् ।
याना– गरें, गऱ्यौं । यात– गऱ्यौं, गऱ्यो, गरे
हके – झपार्छु, झपार्छौं । हकी – झपार्छौं, झपार्छ, झपार्छन् ।
हका – झपारें, झपाऱ्यौं । हकल – झपाऱ्यौं, झपाऱ्यो, झपारे ।
सःते – बोलाउँछु, बोलाउँछौं । सःती – बोलाउँछौं, बोलाउँछ, बोलाउँछन् ।
सःता –बोलाएँ, बोलायो । सःतल – बोलायौं, बोलायो, बोलाए ।
क्यने –देखाउँछु, देखाउँछौं । क्यनी – देखाउँछौं, देखाउँछ, देखाउँछन् ।
जि – म, जिपिं– हामी
वये - आउँछु, आउँछौं । वया - आएँ, आयौं । वयाच्वने- आउँदै गर्छु ।
वयाच्वना - आइरहेको छु, आउँदै गरें । वय्धुन -आइसकें, आइसक्यौं ।
वय्धुन - आइसकें, आइसक्यौं । वय्धुंके - आइसक्छु, आइसक्छौं ।
वनावया - गएर आएँ, गएर आयौं, वनावये - गएरआउँछु, गएरआउँछौं ।
वयागु दु - आएको छु, आएका छौं । वयागु दु - आएको छु, आएका छौं ।
वयागु दइ -आएको हुन्छु, आएका हुन्छौं ।
वनेत वया - जानलाई आएँ, जानलाई आयौं ।
वनेत वये- जानलाई आउँछु, जानलाई आउँछौं । वयमाः -आउनुपर्छ ।
वय्मानि- आउनु छ । वयागु खः - आएको हो । वय्गु खः - आउने हो ।
वय्गु याना- आउने गरें । वय्गु याये -आउनेगर्छु, आउनेगर्छौं ।
वयाबिया -आइदिएँ, आइदियौं । वयाबिइ-आइदिन्छु, आइदिन्छौं ।
वहे वये- आइ नै हालें । वहे वये -आइ नै हाल्छु ।
वय्फु -आउन सक्छु, आउन सक्छौं ।

क्रमश ....

## जग्गा भाडामा छ

कीर्तिपुर बाहिरी गाउँबाट नगाउँ जाने मूल सडकमा ३ दशमलब ७५ रोपनी खाली जग्गा भाडामा छ । आवश्यक पर्नेले तुरुन्त सम्पर्क गर्नु होला
९७५१००९४०८

## नयाँ शो रूम खुल्यो




CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स
नयाँबजार, फोन ४३३१०७८

## विचा: हायेका



नमो तस्स भगवतो अरहतो सम्मासम्वुद्धस्स
अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ति तेसं उपसमो सुखो ॥

जन्म ने.सं.१०४५जेष्ठ कृष्णपक्ष नवमी
मदुगु : ने.सं.११३३ बछलाथ्व पञ्चमी

नेट मरु अजिमा (नरदेवी)या पुजारी, स्वयम्भू ज्ञानमाला भजन खलःया आजिवन सदस्य दिवंगत धर्मवंशी तुलाधर खुम्ह काय्, निम्ह म्हयाय्पिं कल्याण वंशी, राजा वंशी, निर्मल वंशी, प्रविण वंशी, मिलन वंशी, अमिन वंशी तुलाधर, सरिता स्थापित, प्रमिता तुलाधरपिन्त त्वःता ८८ वर्षय् परलोक जुयादिल । मदुम्हसिया आत्माया चिरशान्त जुया सुखावति भुवनय् बास लाय् फयेमा नापं दुःखंकःपिं छेँजःपिन्सं अनित्य संसारयात थुइका मन चिइ फयेमा धकाः कामना याना च्वना ।

**हीरा डंगोल, कर्ण स्थापित, अनिल तुलाधर,**
**पुष्प राज श्रेष्ठ**
**मुना पासा पुचः परिवार, नरदेवी**

## विचा: हायेका



नमो तस्स भगवतो अरहतो सम्मासम्वुद्धस्स
अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरुज्झन्ति तेसं उपसमो सुखो ॥
जन्मः ने.सं. १०४३/ १९९०
मदुगु : ने.सं.११३३ बछलाथ्व नवमी

नगां ज्ञानमाला भजन खलःया शुभचिन्तक स्वास्थ्यकर्मी नापं ज्ञानमाला बृद्धा सेवा समिति १६ वडाया दाता सल्लाहकार वासुदेव नेवाः व किजापिं शान्तरा, गंगाराम, विश्वराम, हिरा राम, न्याम्ह काय्पिन्त त्वःता ८० वर्षय् **रत्नमाया महर्जन** दिवंगत जुयादिल । वय्कःया आत्मा चिरशान्ति जुया सुखावती भुवनय् वासलाय् फय्मा नापं थुगु दुःखया इलय् छेँय्जःपिन्सं अनित्य स्वभावयात थुइकाः धैर्य धारण याये फयेमा धकाः कामना याना च्वना ।

**नगां ज्ञानमाला भजन खलः**
**ज्ञानमाला वृद्धा सेवा समिति नगां, कीर्तिपुर-१६**

# सामुदायिक स्वास्थ्य केन्द्रको तेस्रो साधारण सभा




कीर्तिपुर क्षेत्रमा जनस्तरबाट संचालित कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रको तेस्रो साधारण सभा गत बैशाख ४ गते शनिवार कीर्तिुर पार्टी प्यालेसको सभाहलमा त्रि.वि.का उपकुलपति प्रा.डा. हिरावहादुर महर्जनको प्रमुख आतिथ्यता र केन्द्रका अध्यक्ष हिरावहादुर महर्जनको सभापतित्वमा सम्पन्न भयो ।

ई मदन महर्जनले स्वागतक मन्तव्यको क्रममा स्वास्थ्य केन्द्रले हालसम्म गर्दै आइरहेको सेवा र समस्याबारे अवगत गराउनु भयो । विशिष्ट अतिथि स्वास्थ्य केन्द्रका संस्थापक दिलिप महर्जनले कुनै पनि संस्था सामुदायिक रुपमा चलाउन चुनौतीपूर्ण छ ।

तैपनि आजसम्म निरन्तर रुपमा सबैको सहयोगमा संचालन भैरहेको बताउनु भयो । फेक्ट नेपालका तर्फबाट हप्तामा दुई दिन दुई जना डाक्टरहरूको सेवा सहयोग प्रदान गरिरहेको जानकारी दिनु भयो ।

यस केन्द्रबाट कीर्तिपुरवासीहरूले भन्दा बढी बाहिरबाट आएर कीर्तिपुरमा डेरामा बसिरहेकाहरूले बढी सेवा लिइरहेको बताउनु भयो । प्रमुख अतिथि प्रा.डा. हिरा वहादुर महर्जनले त्रिभुवन विश्व विद्यालयको कारण संसारभर कीर्तिपुरको नाम फैलिएका बताउनु भयो ।

निकट भविष्यमा नै त्रि.वि. परिसरमा ठूलो अस्पताल बन्न लागेको पनि जानकारी दिनु भयो । सभापतिको आशनबाट अध्यक्ष हिरावहादुर महर्जनले यस क्षेत्रका निम्न वर्गहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले एक डाक्टर सहित स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको बताउनु भयो । उक्त स्वास्थ्य केन्द्रमा Eco, ECG, Ultra Sound सेवा उपलब्ध छ ।

# सङ्घीय समाजवादी पार्टी कीर्तिपुर नगर र क्षेत्रिय भेला आयोजक समिति गठन





२०७० जेठ ४ गते शनिवार सङ्घीय समाजवादी पार्टी नेपाल काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं.१० र कीर्तिपुर नगर समिति भेला आयोजक समिति निर्माणका लागि पार्टीका महासचिव राजेन्द्र श्रेष्ठको प्रमुख आतिथ्यता र नजरराम महर्जनको अध्यक्षतामा कीर्तिपुरमा सम्पन्न भयो ।

सो भेलाले काठमाडौं जिल्ला निर्वाचन क्षेत्र नं.१०को भेला आयोजक समिति गठन गरियो । १० नं. क्षेत्रीय भेला आयोजक समितिको संयोजक राजु सुवेदी, सचिव राज श्रेष्ठ, सदस्यहरूमा नजरराम महर्जन, नरेन्द्र महर्जन, रुपक थापा, मनोहर महर्जन, निर्मल लामा, राजु थापा, दिलिप लामा, सोनी महर्जन, गोवर्धन के.सी., सानुकाजी गिरी र विशाल कार्कीलाई चयन गरियो ।

भेलाले कीर्तिपुर नगर भेला आयोजक समितिको संयोजकमा नजरराम महर्जनलाई चयन गरियो र सदस्यहरूमा पूर्णवहादुर महर्जन, रिदेन महर्जन, मनोहरी तण्डुकार, ममता श्रेष्ठ, प्रकाश महर्जन, त्रिरत्न महर्जन, मणिश महर्जन र नरेश महर्जनलाई चयन गरियो । सो भेलाले सङ्घीय समाजवादी पार्टी नेपालको अध्यक्ष अशोक राईको प्रमुख आतिथ्यमा काठमाडौं निर्वाचन क्षेत्र नं.१० तदर्थ समिति गठन तथा घोषणा सभा २०७० जेठ ११ गते शनिवार सतुंगल पार्टी प्यालेस, सतुंगलमा दिनको ११ बजे गर्ने निर्णय गरियो ।

सो भेलामा सहभागीका लागि इच्छुक महानुभावहरूले संयोजक राजु सुवेदी (मो.नं. ९८५१०३६८९८) लाई सम्पर्क राख्न अनुरोध गरिएको छ । त्यस्ते २०७० जेठ ४ गते शनिवार सङ्घीय समाजवादी पार्टी, नेपालका महासचिव राजेन्द्र श्रेष्ठको प्रमुख आतिथ्यतामा काठमाडौं क्षेत्र नं.७ अन्तर्गत काठमाडौं महानगरपालिका वडा नं.१८ को वडा भेला तथा वडा तदर्थ समिति गठन कार्यक्रम सयौंयो उपस्थितिमा सम्पन्न भयो । आयोजक समितिका नाती काजी महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा महासचिव राजेन्द्र श्रेष्ठले पूँजीवादमा सङ्घीय शासन दिगो नहुने भएकोले सङ्घीय समाजवाद आवश्यक रहेको बताउनु भयो । भेलामा अतिथिको रुपमा पार्टीका केन्द्रीय सदस्य लालवहादुर तामाङ, जिल्ला उपाध्यक्ष पृथ्वीराज राई तथा क्षेत्र नं.७ का क्षेत्रीय अध्यक्ष बाबुराजा प्रजापतिले पनि मन्तव्य राख्नु भयो । उक्त भेलाले पुष्परत्न शाक्यको अध्यक्षतामा १५ सदस्यीय वडा तदर्थ समिति गठन गरेको छ । भेलाको अन्त्यमा यस तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरूलाई महा सचिव श्रेष्ठले शपथ ग्रहण गराउनु भएको थियो ।


# हार्दिक श्रद्धाञ्जली

जन्म:
वि.सं. १९८६



निधन:
वि.सं. २०७०/१/२५

स्व. जगतबहादुर महर्जन

इटागोल निवासी समाजसेवी **जगतवहादुर महर्जन**को ८४ वर्षको उमेरमा यही बैशाख २५ गते असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेकपा-माओवादी**

**कीर्तिपुर नगर कमिटी वडा नं. -१८**

# हार्दिक श्रद्धाञ्जली

जन्म:
वि.सं. २००३



निधन:
वि.सं. २०७०/१/२३

स्व. कृष्णबहादुर महर्जन

यस संघका कार्य समिति सदस्य श्री उदेश महर्जनको पिता **कृष्णवहादुर महर्जन**को ६७ वर्षको उमेरमा यही बैशाख २३ गते असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

कीर्तिपुर मिनीबस व्यवसायी संघ परिवार

कुलेश्वर, काठमाडौं फोन नं. ०१ ४२८७०३०

कथा साहित्य

# लोकतन्त्र



**प्रेमकृष्ण श्रेष्ठ**

आँखाले ज्योती गुमाउनै लागेकी बुढी मुन्द्रीमा बस्दै छोरालाई सोध्दै - कैले आइस् बा ? के लोकतन्त्रलाई पनि साथै लिई आइस् त ?

छोरा - भर्खरै आउँदै । लोकतन्त्र ल्याउन बाँकी नै छ आमा ।

बुढी- देशाँ लोकतन्त्र आइसकेको गाइंगुई सुनिन्छ । होइन, यो लोकतन्त्र भनेको के हो बा ? कस्तो हुन्छ बा ?

छोरा - बाँदरको हातमा नरिवल ।

बुढी-होइन, के भन्छस् यो । लोकतन्त्रले के हुन्छ ? के के भए बा ?

छोरा -झुपडीहरू उजाडिए । गरीबहरू लुटिए । भाउवस्तु महँगिए । चेलिबेटी नाङ्गिए । अरू के हुन र ?

बुढी- लोकतन्त्रले के के हुन्छ भन्थ्यो । भगवान् कृष्णकै औतार सम्झेर लिएकी थिएँ । तँलाई चाही के दियो नि ?

छोरा-हातमा डिग्रीको सर्टिफिकेट छ ( बेरोजगारी) ।

बुढी-खोई, म ता बुढोबैंशे आँखाले केही देख्दिन र बुझ्दिन पनि । काखमा सुतिरहेको नातीको मुख पुलुक्क हेर्छे ( यो लोकलाई पनि सुकेनाश लागेर हेट्टु बनाइसक्यो । राम्रोसँग हुर्काउन सक्या हैन । जन्मिनासाथ आमा चाहि खाइहाली । दुधै पुग्दो दिन सक्या हैन ।

छोरा - तपाईले नै भन्नु भाको होइन । हाम्री जेठानकी साली मिठूलाई एउटा केटो देखाएर अर्कै लङ्गडोसँग भिराइदिएको । हो ! दुरुस्त हामी पनि एकबाजिलाई झुकिएका छौं , ठगिएका छौं ( देशभित्र लोकतन्त्रको नाममा नेतातन्त्र भित्रयाएर ।

बुढी- होइन, यो नेतातन्त्र भनेको के हो ? कस्तो हुन्छ बा ?

छोरा-पजेरोहरू भित्रिए । नेताहरू नोटिए । बङ्गलाहरू ठडिए । जताततै, जुनसुकै क्षेत्रमा नेताफन्त पुरस्कृत, नेताफन्तै हाकिम र नेताफन्तैहरूको गाथा छ ।

बुढी- होइन । त्यो हर्केको छोरा नेत्राकान्त पनि हाकिम भइसक्यो र भन्या ?

छोरा- मैले त देशका नेताफन्तहरूका पो कुरा गऱ्या । त्यो नेत्रे काँ अहिलेसम्म रहिरहनु र हेकिम हुनु । त्यो नेत्रे बसी/त्रिसीको गोलीकाण्डमा शहीद भ'का होइनन् र भन्या । आमा पनि कस्ती भुलक्कड स्वभावकी । आफैले भन्नु भा'को होइन । गाको शन्चरको हाटाँ नेत्रेका छोराहरू मागेर डुलिर हेका आफ्नै आँखाले देख्नु भाको भनेर । त्यो नेत्रे शहीद भएर उस्की जहानको त बिचल्लै भाको छ । अहिले येनतेनले कुल्बिर साहुको गाईगोठ गरी जीविका चलाइ रहेकी छे रे नि ।

बुढी- हो त बा । कस्तो भुसुक्कै बिर्सेछु । अनि त्यो मोरो कुले (कुल्बिर ) को के हाल छ नि ?

छोरा - मन्त्री भएको छ । पजेरो खरीद गरेको छ ।

बुढी- मन्त्री भएछ फटाहा, मोरो । गाउँमा छँदा रात्तोदिन रक्सी घोकी, होहल्ला, हुलदङ्गा गरी हिँड्थ्यो । गाउँका चेलिबेटीहरु देखी हुँदैन्थ्यो । दुनियाको सराप खप्दै हिँड्ने मोराको शहर पसेदेखि नसिब खुलेछ । अनि नेतातन्त्रले अरू के कति भए बा ?

छोरा-के हुनु । केही नेताहरू मन्त्री भए । केही नेताहरू प्रधानमन्त्री नै भइ गए । कोही कैले आफ्नो पालो आउने हो भनी हातका औंला भाँच्दै होलान् ।

बुढी- के कति रहर गरी गोली नभनी ल्याएको लोकतन्त्र यसै दिनका लागि हुन त बा ?

छोरा- कदापि होइन । असली लोकतन्त्र भन्नु हामी गरीबको लोकतन्त्र त आउन बाँकी नै छ ।

बुढी- ए, उसो भए लोकतन्त्र अझै आ'को नै रैनछ । अहिलेको लोकतन्त्र भनेका नेताहरूका लागि मात्र आ'का रैछ, होइन त बाउ ? अनि हाम्रो घरदैलाँ कहिले आई पुग्छ त बा, लोकतन्त्र ?

छोरा - भोलिको सूर्यको पहिलो किरणसँगै हाम्रो घर आँगनमा लोकतन्त्र अवश्य झुल्कनेछ । त्यसैले रातको छोटो अवधिभित्र हामी गरीब जनता एकजुट भएर यो रातको अन्त्य गर्न दरिलो जनशक्तिको निर्माण गर्नु छ । निस्तेज भएर सुत्ने बेला यो छैन । नेताबाद र नाताबादले गर्भभित्र तुहाइएको शिशु लोकतन्त्रलाई पुनर्जन्म दिनु छ । त्यसैले ढिला हुन सक्छ, अहिलेलाई जान्छु । आशीष दिनुस् ( हजूरका छोरा मतिभ्रष्ट नेता नबनेस्, देशको छोरा कहलाएस् ।

बुढी- लौ त बाबु । शुभकामना, ढिला नगरेस् । जाइहाल । भोलि ब्यूतिनासाथ लोकतन्त्र दैलामा तँसँगै उभिरहेको देख्न पाएस् ।

टुकीको उज्यालो पनि सकिसक्छ । बुढी लामो सुस्केरा हाल्दै लोकसँगै भोलिको सुखद संसार देख्नका लागि सपनाको अनन्त गल्लीभित्र हराउँछे, हराउँदै जान्छे ।

## प्रतिक्रिया

श्रीमान सम्पादकज्यू,

कीर्तिपुर सन्देश साप्ताहिक,

कीर्तिपुर क्षेत्रबाट प्रकाशित हुने साप्ताहिक पत्रिकाहरूमध्ये कीर्तिपुर सन्देशको विशेषता त छँदै थियो । यसमा विभिन्न लेख रचनाहरू पढ्न पाइरहेकै थियो । कीर्तिपुर सन्देशमा यो हप्ता प्रकाशित **'पुस्तकको भरिया'** कथा निकै राम्रो लाग्यो । प्रेमकृष्ण श्रेष्ठ जस्तो देशकै एक चर्चित लेखकले यसमा कलम चलाएको देख्दा आगामी अंकको लागि पनि कीर्तिपुर सन्देश पढ्ने चाहना बढेको छ ।

– मौलिक महर्जन, नयाँबजार

## सम्पदकलाई पत्र

### मेरो दुई शब्द

श्रीमान सम्पादकज्यू,

म कीर्तिपुर सन्देश साप्ताहिकको नियमित पाठक हुँ । मलाई यो हप्ता कीर्तिपुर सन्देश विशेष लाग्यो । किनभने मलाई मन पर्ने लेखक प्रेमकृष्ण श्रेष्ठको कथा **'पुस्तकको भरिया'** प्रकाशित भएको रहेछ । मैले उहाँका लेख रचना कान्तिपुर साप्ताहिकमा नियमितरूपमा पढथेँ । उहाँको लेख्ने शैलीबाट म प्रभावित थिएँ । कीर्तिपुर सन्देशमा यस्ता प्रतिष्ठित लेखकहरुको लेख रचनालाई स्थान दिँदै गएमा अवश्य पनि यो पत्रिकाको ओज नै अर्को हुने कुरामा म विश्वस्त छु ।

**बिकी श्रेष्ठ, टयाङ्गला, कीर्तिपुर**

## ज्ञानमाला वृद्ध सेवा समिति नगांको सराहनीय काम





गत बैशाख २८ गते ज्ञानमाला वृद्ध सेवा समिति नगांले भिमरथारोहण गरी सकेका ज्येष्ठ नागरिकहरूलाई काठमाडौं उपत्यकाको विभिन्न धार्मिकस्थल घुमाउने कार्यक्रम गरिएको थियो । सुलक्षण कीर्ति विहारमा बुद्ध पुजा, शील प्रार्थना गरिएको थियो । त्यसपछि शंखमुलस्थित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रमा ध्यान सम्बन्धी प्रवचन सुनाएको थियो । त्यसपछि पशुपति दर्शनको साथै बृद्धाश्रममा रहेका बृद्ध/बृद्धाहरूसँग भेटघाट गराएको थियो । त्यहाँबाट बौद्ध (खास्ति)को अवलोकन गराएको थियो ।

उक्त दिन पशुपति बृद्धाश्रमलाई २० लि.को प्रेशर कुकर दिने वचन दिए अनुसार गत बैशाख ५ गते आइतवार बृद्ध सेवा समितिका पदाधिकारीहरू पशुपतिमा गइ प्रेशर कुकर प्रदान गरेको ज्ञानमाला बृद्ध सेवा समितिका अध्यक्ष हीरा डंगोलले जानकारी दिनु भयो ।

# हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. १९८६

निधनः वि.सं. २०७०/१/२५

स्व. जगतबहादुर महर्जन

यस विद्यालयका व्यवस्थापन समितिका प्रथम अध्यक्ष इतागोल निवासी समाजसेवी **जगतवहादुर महर्जन**को ८४ वर्षको उमेरमा यही बैशाख २५ गते असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रधानन्याध्यापक

**वैष्णवी माध्यामिक विद्यालय**

**तथा**

**विद्यालय व्यवस्थापन समिति परिवार**

भाजंगल, कीनपा–८

# हार्दिक श्रद्धाञ्जली



जन्मः वि.सं. २००३, निधनः वि.सं. २०७०/१/२३

स्व. कृष्णबहादुर महर्जन

नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय उपाध्यक्ष राज्यलक्ष्मी शाक्यका पिता **कृष्णवहादुर महर्जन**को ६७ वर्षको उमेरमा यही बैशाख २३ गते असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवार जनले धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**कीर्तिपुर सन्देश साप्ताहिक**

निखासि, कीर्तिपुर–३

# थुनुवाको डायरी–७२




## २०६७/१०/०८ सनिवार १०८ दिन

आज ३.४५ बजे मेरो निद्रा खुल्यो । बाहिर गएर नित्यकर्म गरें । धारामा आएर मुख धोएँ । देवी देवताको दर्शन गरें । डाँडामा गएर एउटा चुरोट पिएँ । आज मेरो जिन्दगीको आयुको एक दिन बित्यो । म घरबाट निस्केको ४ महिना २ दिन भयो । जिन्दगीमा मैले गर्नु पर्ने काम धेरै छ तर समय छोटो छ । मेरो उमेर ढल्कँदै छ । आँखा कमजोर भैसकेको छ । यो जेलमा बस्दाबस्दै मैले "जिन्दगीका डोबहरू" उपन्यास पूरा गर्नुपर्छ । पूरा हुनै लागेको छ । अब फेरि नसुत्ने विचार गर े कोठामा आएर कफी बनाएर पिएँ । आज मेरो छातीमा अलि चीसो पसेको जस्तो लाग्छ । खुट्टामा पनि भित्रैदेखि चीसो अनुभव भैर हेको छ । सायद हिजो तःखा खाएकोले हो कि ! आज यो तःखा सिध्याउनु पर्छ ।

६ बजे नम्बर खुल्यो । आज बाहिर कुहिरो छ । हातमा पंजा लगाएर घुमें । साथीहरूसँग गफ गर्दै ग्राउण्डमा घुमिरहें । ७ बजे होटलमा गएँ । आज होटलमा अण्डा र चना तरकारी बनाई र खेको छ । मलाई आज भोक लागेको छैन । त्यसैले चियामात्र पिएर ओमशान्तिमा गएँ । ध्यान बसें मुरली सुनेर बाहिर आएँ । कोठामा आएर उपन्यास लेख्न थालें । ९ बजे फेरि एक कप कफी बनाएर पिएँ । १०.३० बजे हिजोको तःखा लिएर खाना खान गएँ । आफूले मात्र कति खाने भनेर तःखा बाँडेर खुवाएँ । कोठामा आएर उपन्यास लेख्न थालें । आज शनिवार मलाई कोही पनि भेट्न आउँदैन होला भनेर एकाग्रताका साथ उपन्यास लेखिर हें । अचानक माईकबाट मेरो नाम बोलायो । मैले गनें, एक, दुई, तीन । यसको मतलव कसैले मलाई भेट्न आएको छ । को आएको होला ? घरका मान्छेहरू त होइन होला । छोरा हिजो मात्र आएको थियो । ढोकामा गएँ । बाहिर हेरेको त श्रीमती कृष्णा आएकी रहिछिन् । उनीसित अरू कोही छ कि भनेर हेरें । कोही पनि छैन । उनी एक्लै आएकी र हिछिन् । उनलाई देखेर मेरो मन हर्षित भयो । अहिले उनी धेरै हिम्मतवाली भइसकिन् । उनी हिम्मतवाली त पहिले पनि थिइन । तर अहिले उमेरले गर्दा अलि कमजोर भयो कि भनेर सोचेको थिएँ । होइन रहेछ । मेरी कृष्णा हिजो जस्तै हिम्मत, साहसले भरि एकी छिन् । उनीसित भेट्न गएँ । सञ्चो बिसञ्चोको कुरा भयो । मलाई यहाँबाट कसरी बाहिर निकाल्न सकिन्छ भनेर हरतरहले कोशिस गरिरहेकी छिन् ।

"तपाई यहाँ भित्र बन्दी जीवन बिताइरहनु भएको छ । त्यसैले म कहिं पनि भोज खान गएकी छैन । हिजो हाम्रो घर अगाडिको रामकृष्ण श्रेष्ठको छोरीको विवाह भोज थियो । चुल्है निमन्त्रणा आएको थियो । छोरा बुहारीलाई मात्र पठाएँ । म गइन । आज बुद्धि बहादुर ठूलो बाको दुईवर्षे श्राद्धमा आउन बोलाएको थियो । तपाईंकहाँ आउनु पर्छ भनेर गइन । भोलि जयदाइको छोरी जमुनाको विवाह चुल्है निमन्त्रणा आएको छ । त्यहाँ पनि जान्न ।" श्रीमतीले भनिन् ।

"कस्तो कुरा गरेकी ? म नभएको बेला झन मेरो प्रतिनिधित्व गरेर बोलाएको ठाउँमा जानुपर्छ । लोग्ने नभए पनि व्यवहार चलाउन स्वास्नीमान्छे सक्षम छ भनेर देखाउनु पर्छ ।" मैले भनें ।

"हामी मीठो मीठो भोज खाँदै हिंड्ने तपाई यहाँ रुखो सुको खाएर बस्नुहुन्छ । मेरो मनले माने त हो । भोज खान जाँदा तपाईंको यादले आँखा रसाउँछ । आँखा रसाएको अरूले देख्यो भने के भन्ला ? त्यसैले तपाई घर नआउञ्जेल कहिं पनि भोजमा जान्न ।" श्रीमतीले भनिन, "पर्सिको पेशीमा तपाई छुट्नु हुन्छ भनेर सबैजनाले भनिर हेका छन् । तपाई घर आउनु भएपछि सँगै जाउँला जहाँ बोलाए पनि ।" पर्सि म छुट्छु भन्नेमा उनी विश्वस्त छिन् । तर म छैन । उनीसित धेरैबेर कुराकानी गरें । उनले बकपत्रको नक्कल र तन्ना ल्याइ दिएकी छिन् । उनीसित बिदा भएर आएँ । ३ बजे हिजोको तःखा र बजि खाएँ । आज मैले खासै उपन्यास लेख्न सकिन । बाहिर घुमें । भलिवल खेल हेरें ।

आजदेखि माओवादी जनसेना विशेष समिति अन्तर्गत आएको घोषणा गरिएको छ । आज ६ बजे खाना खाएर आएँ । कोठामा आउँदा केटाहरू टी.भी. हेरिरहेका थिए । एउटा चाहिने च्यानल हेर्ने होइन । उनीहरू त फेसन टी.भी, जेड केफ, टीएलसी जसमा गोरी केटीहरू देखाउँछन् । त्यही चाख राखी हेरिरहेका छन् । म त नम्बर लाग्नुभन्दा अगाडि नै सुतें ।

## २०६७/१०/०९ आइतवार –१०९

हिजो बेलुका चाँडै सुतेकोले होला आज बिहान ३ बजेनै मेरो निन्द्रा खुल्यो । बाहिर गएँ । दिसा बसें । मुख धोएँ । देवी देवताको दर्शन गरें । डाँडामा गएर एउटा चुरोट सल्काएँ । आज त्यहाँ चौकी पालो बसिरहेको एक जना बाहेक कोही छैन । चुरोटको धुवाँसँगै मेरो मनमा विचारको प्रवाह भयो ।

म घरबाट निस्केको ४ महिना ३ दिन भयो । यस भद्रबन्दी गृहमा प्रवेश गरेको आज १०९ दिन भयो । अझ कति दिन बस्नु पर्ने होला ? भोलि मेरो पेशीको दिन । मेरो मुद्दाको फैसला पनि हुनसक्छ । भोलि मैले सफाई पाउँछु की भन्ने झिनो आशा छ । सफाई त मैले पाउनै पर्छ किनकी गर्दै नगरेको अपराधमा कसरी सजायँ पाउँछु होला । यो सबै जिम्मा मैले परमपिता शिवबाबामाथि छोडि दिएको छु । म ओमशान्तिमा बिहान बेलुका मुरली सुनिरहेको छु । ध्यान गरिरहेको छु । यस मुद्दाबाट सफाई पाएँ भने म जिन्दगीभर ओमशान्तिको प्रचार प्रसारमा लाग्नेछु । यदि मैले सफाई पाइनँ भने म कुनै देवी देवतालाई मान्दिन । म नास्तिक हुनेछु ।

कोठामा आएर एक मग कफी बनाएर पिएँ । डायरी लेख्न थालें । आज पनि कोठामै तातोपानी दिन आयो । ५ बजे लोडसेडिंग भयो । म सुतें । ६ बजे नम्बर खुल्यो । मेरो दैनिक कार्यक्रम सुरु भयो । दिनको १२ बजे भान्जा अमिर बुहारीले मलाई भेट्न आए । कतार मा गएका भान्जा एक महिनाको छुट्टिमा आएको रहेछ । सञ्चो बिसञ्चोको कुरा भयो ।

"भोलिको पेशीमा तपाई छुट्नु हुन्छ । भोलि आमा र कमला मां पनि अदालत आउँछु भन्नुभएको छ ।" अमिरले भन्यो

"होइन दिदी र बहिनी कसैलाई पनि नल्याउनु । मैले सफाईनै पाउँछु भन्ने के ग्यारेन्टी ? केही गरी मलाई कैद ठोक्यो भने उहाँहरूले सहन सक्नु होला ?" मैले भनें ।

"ठिक छ म भनूंला । मामा धन्दा नलिनुस् । हामी बराबर आइर हन्छु ।" अमिरले भन्यो ।

उनीहरूले टिफिन क्यारियर दिएर गए । छोरा पनि आयो । एकछिन गफ गरें । भोलि अदालतमा भेट्ने भनेर गयो । ३ बजेतिर टिफिन क्यारियर लिएर भान्सामा गएँ । कुखुरा मासु ल्याएको रहेछ । म एक जना जेलमा परेर पूरा परिवारलाई दुःख भइरहेको छ । भान्सामा बसेर खाजा खाएर आएँ । कोठामा आएर उपन्यास लेख्न थालें । साँझ ६.३० बजे खाना खान गएँ । खाना खाएर ओमशान्तिमा गएँ । आज ओमशान्तिमा मलाई मुरली पढ्न लगायो । सबैजनाले मलाई भोलि सफाई पाओस भनेर शुभकामना दिए । आशा छ परमपिता शिवबाबाले पनि मलाई आशिर्वाद दिनु हुनेछ ।

---

कीर्तिपुर नगरपालिका कार्यालयको

## सूचना

कीर्तिपुर नगरपालिका क्षेत्रभित्र घुम्ती शिविर मार्फत नागरिकता वितरण र फोटो सहितको मतदाता नामावली संकलन गर्न निम्न वडाहरुको लागि निम्न मिति, समय र स्थानमा घुम्ती टोली आउने भएकोले सम्वन्धित वडाका वासिन्दाहरुलाई उक्त सेवा लिनको लागी हार्दिक अनुरोध गरिन्छ ।

**मिति २०७० जेठ ११ गते शनिवार**
**वडा नं. ७, ८, १३, १४, १५, र १६**
**स्थानः जलविनायक प्रा. वि पाण्डेछाप**
**समयः विहान ९ बजे–५ बजे सम्म**

**मिति २०७० जेठ १३ गते सोमवार**
**वडा नं. १, २, ३, ४, ५, ६, ९, १०, १२, १७, १८ र १९**
**स्थान : कीर्तिपुर मा.वि. बाहिरी गाउँ**
**समयः विहान ९ बजे–५ बजे सम्म**

---

नेपालभाषा बुंगद्यः व किपूया स्वापू

# किपूमितय् 'जिलाजं' बुंगद्यः



**श्रीकृष्ण महर्जन**

थौंकन्हय् बुंगद्यःया जात्रा यलय् जुयाच्वंगु दु । बुंगद्यःया जात्राया झ्वलय् किपूमितय्गु नं तःधंगु सहभागीता खने दु ।

बुंगद्यःया रथ यलया इति त्वालंनिसें सालाः हयेगु ज्याउलाख्यलय् तक सालाः हयेगु किपूमितय्सं यायेमाःगु चलन दु । अले किपूया बाजा नापं किपूया पूजा मवंतले अन रथ जात्रा तकं न्ह्याइमखु । उलि जक मखु अथे इति त्वालं जाउलाख्यलय् तक सालाः हयेगु साइतसिबें प्यन्हु न्ह्यः हे किपूया क्वाच्वं क्वय् च्वंगु प्यंगः थां धाइगु थासय् बुंगद्यःया पाञ्जुत वया पूजा प्रसाद बिइमाःगु चलन दु ।

अले प्रसाद काइम्ह मनू धइगु उगु लागाया इहिपाः मजूनिम्ह मिसा खः । सुथंनिसें नीची याना च्वंम्ह मिसां हे उगु पूजा कायेमाःगु चलन दु । अथे पूजा काइगु चलनया मूल कारण धइगु बुंगद्यःया न्हापा ल्यासे किपूया प्यंगः थामय् दुगु अले बुंगःदेवं बचं बिउगु कथं दँय् छकः प्रसाद अर्थात स्वां बिउ वयेमाःगु चलन खः ।

उकिं गुलिं गुलिं ज्याथःपिन्सं बुंगद्यःयात किपूमितय् जिलाजं धकाः तकं आः तक नं धायेगु याना वयाच्वंगु दु । ज्याउलाख्यःया नितिं बुंगद्यःया रथ सालेगु नितिं किपूया पूजा वयेमाः धाःगु हे किपुलिइ च्वंम्ह प्यंगः थांया बुंगद्यःया ल्यासेपाखें पूजा वयेमाः धाःगु खः धकाः स्वयं पाञ्जुतय्सं स्वीकार यानादीगु दु । उलि जक मखु किपूया प्यंगः थामय् न्ह्याबलें नं इहिपाः मजूनिम्ह मिसा छम्ह दयाच्वंगु दु अले दया च्वनी धइगु जन धारणा दु ।

अथे हे बुंगद्यःया रथ जात्राया झ्वलय् यलया इति लागांनिसें सालाः ज्याउला ख्यलय् तक हयेगु भाला किपूमितय्गु हे खः धाइ । उलि जक मखु अन किपुलिइ बुंगद्यःया रथ सालाः यंकी धकाः हे यलय्च्वंपिन्सं ज्याउला ख्यलय् गाः म्हुयातःगु अले व हे गालय् कुतुं वना किपुलिइ हये मखंगु खः धकाः आः तक नं ज्याथःपिन्सं धयाच्वंगु दु ।

ज्याउला ख्यलय् बुंगद्यःया रथ किपूपाखे अर्थात पश्चिमपाखे स्वका तयेमाःगु चलन आः तक नं दु ।

अले ज्याउला ख्यलय् बुंगद्यःया रथ थ्यनीगुयात हे किपूमितय्सं नापं यलया पश्चिम अले यैँया दक्षिण पश्चिमपाखे च्वंगु नगां, पांगा, थक्वाः, मच्छेगां, सतुंगः नापं थीथी लागाया नेवाःतय्सं नखः हना वयाच्वंगु दु । अथे हे बुंगद्यःया भिंनिदँय् छकः बुंगंनिसें यलय् तक रथ साला हयेगु झ्वलय् धोबिघाट लागाय् नं छगः थां तयातःगु दु । किपुलिइपाखे रथ सालाः यंकी धकाः अथे थां धंकातःगु धाइ धकाः बुंगद्यःया पाञ्जु कमलराज गुरुजुं धयादीगु दु ।

उकिं किपूमित नाप बुंगद्यःया जात्रा नापं बुंगद्यः तसकं स्वापू दयाच्वंगु दु । अले किपूमितय्सं नं बुंगद्यःयात थःपिनि जिलाजं कथं नाला वयाच्वंगु दु ।



## हैन त ? –निरज




सम्पूर्ण बोर्डिङ तथा सरकारी स्कूलको पाठ्यपुस्तकहरू सर्वसुलभ तरिकाले पाउनको लागि

**किपू वुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**

# थ्रेसहोल्ड



**ब्यंग सन्देश**

✍ सत्य कुमार महर्जन

थ्रेसहोल्ड राख्नु पर्दछ वा पर्दैन । थ्रेस होल्ड राख्नु पर्दछ भन्ने पक्षमा नेपाली काङग्रेस, नेकपा एमाले लगायत अरू केही दलहरू छन् भने एमाओवादी लगायत केही साना दलहरू थ्रेसहोल्ड राख्नु नहुने पक्षमा देखिएका छन् । आखिर थ्रेसहोल्ड राख्ने र नराख्ने पक्ष र विपक्ष उभिएका दलहरूमा आ-आफना स्वार्थ रहेका छन् ।

सबभन्दा ठूला दल दावी गर्ने एमाओवादी र अरू साना दलहरूलाई थ्रेसहोल्ड नभइ हुँदैन तर काङग्रेस एमालेलाई थ्रेसहोल्ड राख्नै हुँदैन । यसमा केही भन्न मिल्ने र केही भन्न नमिल्ने कारणहरू पनि रहेका छन् जुन सबैलाई थाहा छ । यसको वास्तविक कारण त के होला भने द्रोस्रो संविधान सभामा सरकार र संविधान सभा आ(आफ्नो होल्डमा राख्नैका लागि हो । स(साना दलहरूलाई थ्रेसहोल्डको व्यवस्था गरेमा समानुपातिकतर्फ सभासद हुनमा समस्या हुने गर्दछ । थ्रेसहोल्डमा कूल खसेको मतको एक प्रतिशत राखेमा पनि हिजो जुन ढंगले साना दलहरूको संविधान सभामा सहभागिता थिए त्यो सहभागितामा अंकूस लाग्ने भयो र एमाओवादीलाई सानादलहरूका सभासद धेरै भएन भने आफ्नो मोर्चा सानो हुने भयो । जसका कारण संविधान सभा र सरकारमा आफ्नो हैसियत कम्जोर हुन सक्छ । थ्रेसहोल्ड राख्न सकेमा नेपाली काँग्रेस र नेकपा एमालेलाई आफ्नो सिट संख्या बढाउन सकिन्छ र संविधान सभा र सरकारमा साना दलहरूलाई प्रयोग गरी सरकार कव्जा गर्ने खतर ाबाट बचिन्छ भन्ने नै होला ।

गत संविधान सभामा ६०१ को सभासदले जसरी आ(आफ्नो हैसियत देखाइ दिए त्यो राष्ट्रकै लागि घाँडो भयो । देश वर्बाद भयो, सभासद बदनाम भयो ठूलो धनर ाशीका नोक्सान भयो, सभासदको नाममा लुटियो, दलको नाउँमा लुटियो । जसका कारण नेपालको नाउँमा नेपालीको नाउँमा प्राप्त भएका खरवौं बजेटहरू स्वाहाँ भयो । आखिर नेपाली जनताले नयाँ संविधान विना विघटन पायो । त्यसैले पनि होला अव सभासद संख्या पनि घटाउने र थ्रेसहोल्डको पनि व्यवस्था गर्न खोज्दा दलहरूबीच विवाद फेरि शुरु भएको छ । थ्रेसहोल्डको व्यवस्था गर्ने चार राजनीतिक दलहरूबीच सहमति भएपछि साना दलहरूका कारण भनु वा एमाओवादी मोर्चालाई बहुमत बनाउन सहयागी नहुने भएको कारण देखेर होला । आजभोलि थ्रेसहोल्ड राख्नु पर्दछ, थ्रेसहोल्ड राख्नु हुँदैन भन्ने विषयमा निर्वाचन पर धकेल्ने बहाना बन्न पनि सक्छ ।

लोकतन्त्रमा साना दलहरूको खास भूमिका हुँदैन र संविधान सभामा साना दलहरूको खासै भूमिका नहुने भएकोले थ्रेसहोल्डको व्यवस्था गर्नु पर्दछ । साना दलहरूले लोकतन्त्रमा विशेष गरी एक दल एक सभासद र एक मन्त्री मागले देश बर्वाद भयो । जनताको मत जितेर आउन पनि थ्रेसहोल्डको व्यवस्था गर्नु पर्दछ भनी थ्रेसहोल्ड पक्षधर वकालत गरिरहेका छन भने थ्रेसहोल्ड राख्न हुँदैन किन कि संविधान सभामा सानादलहरूको पनि सहभागिता होस् । लोकतन्त्रमा साना दलहरूको पनि महत्वपूर्ण भूमिका दिनु पर्दछ । साना दलका नेताहरूलाई पनि संविधान बनाउन अवसर दिनु पर्दछ । ठूला दलहरूले मात्र सरकारमा रजाइ गर्ने हैन साना दलहरूको पनि सहभागी गराउनु पर्दछ भनी थ्रेसहोल्डको विपक्ष बोलिरहेका छन् । तर देशमा निर्वाचनको घोषणा छैन, दलहरूबीच निर्वाचन सम्वन्धि एकमत छैन । एकथरी निर्वाचन गराउने अर्कोथरी निर्वाचन नगर ाउने पक्षमा लागिरहेको बेला निर्वाचन गर ाउन पक्षका दलहरूबीचको यो विवाद पनि निर्वाचन नगराउनेहरूलाई बलपास गरेको आभास हुन्छ । मंसिरमा हुने निर्वाचन पर धकेल्ने काइदाको विवाद पो बन्ने हो कि कसो ?

## जाँड-रक्सी

चुरोट, गाँजा तथा ड्रग्सको कुलत ग्यारेन्टी छुटाउन

7 cm लिङ्गको लम्बाई, मोटाई बढाउने
प्राकृतिक हर्बल VigRX
lnterantional Quality Product

स्तनको आकार बढाउन घटाउन

कुमारी अवस्थाको जस्तै यौनी टाईट गर्न

सुगर, पाइल्स तथा अल्सर चटक्कै निको पार्ने,
गर्वस्था पछिको पेटको सेतो धर्सा मेटाउन
नयाँ केश उमार्न तथा कपाल झर्न रोक्ने तेलहरु,
शिघ्रपतन रोक्न, लिङ्ग कडा पार्ने POWER +POWER

**कीर्तिपुर फिट्नेस प्वाइन्ट**

फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६
यो विज्ञापन होइन, सत्य तथ्यमा आधारित छ ।

## भर्ना खुल्यो ।। भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।

**CTEVT बाट सम्बन्धन प्राप्त यस माईक्रो ईञ्जिनीयरिङ्ग ईन्स्टिट्यूटमा छोटो अवधिको प्राविधिक तालिममा भर्ना लिईदैछ ।**

**विषयहरु**

१) बिल्डिङ्ग ईलेक्ट्रिसियन (Building Electrician) २) एसिष्टेण्ट वेल्डर (Assistant Welder)
३) प्लम्बर (Plumber)

**तालिमको आकर्षण**

तालिम लिईसकेपछि संस्थाबाट Internship को ब्यबस्था गर्नुका साथै वैदेशिक तथा नेपालमै पनि रोजगारको लागि बिशेष प्रयास गरिदिनेछ । तालिम लिन तथा ब्यबसाय गर्न चाहनेहरुलाई कर्जाको लागि सहयोग पनि गर्नेछ ।

सम्पर्क कार्यालय: शुभ सेवा बचत तथा ऋण सहकारी संस्थाको कार्यालय, कीर्तिपुर ९, पाँगा

भर्ना सुरु मिति: २०७० जेठ १ गते देखि (बिशेषत कक्षाहरु बिहान तथा बेलुका संचालन हुने छ ।)

mei
Micro Engineering Institute Pvt. Ltd.

**Micro Engineering Institute Pvt. Ltd.**
Kirtipur-9, Dhokasi, Panga
Phone No: 4336708, 9841700406, 9841250631, 9851150234
E-mail: micro.engg.institute@gmail.com